गण्डकी प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय
पोखरा, नेपाल

☎ : ०६१-५३५०९५
📠: ०६१-५३५०८४

पत्र संख्या : २०८२/०८३
चलानी नं. : २३६

मिति २०८२/०५/१५

श्री प्रादेशिक/प्रदेश अस्पतालहरू (१३ वटै),
श्री प्रदेश जनस्वास्थ्य कार्यालयहरू (११ वटै),
श्री आयुर्वेद अस्पताल/चिकित्सालयहरू (११ वटै),
गण्डकी प्रदेश।

विषय : वार्षिक स्वीकृत कार्यक्रमहरुको कार्य सञ्चालन मापदण्ड, २०८२ पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालय [मा. मन्त्रीस्तर] को मिति २०८२/०५/१३ को निर्णयानुसार स्वीकृत आ.व. २०८२/०८३ मा तहाँ निकायहरुबाट सञ्चालन हुने प्रदेश स्रोत र विशेष अनुदान तर्फका छुट्टाछुट्टै वार्षिक स्वीकृत कार्यक्रमहरुको कार्य सञ्चालन मापदण्ड, २०८२ यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

.................
(सुरज गुरौ)
जनस्वास्थ्य प्रशासक

सादर अवगतार्थः
श्री मा. मन्त्रीज्यूको निजि सचिवालय, स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।

# आ.व. २०८२/८३ मा प्रदेश जनस्वास्थ्य कार्यालयहरुबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरुको

# कार्य सञ्चालन मापदण्ड, २०८२

## (प्रदेश स्रोत तर्फ)

**मिति २०८२/०५/१३ (मा.मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत**

गण्डकी प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

पोखरा, कास्की, नेपाल

*“बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ (संशोधन सहित)” को दफा ४० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले यो मापदण्ड बनाएको छ ।*

## कार्यक्रम सञ्चालन /कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८२

(१) कार्यक्रम सञ्चालन एवं कार्यान्वयन यस मापदण्डको अधिनमा रही गर्नुपर्नेछ।

(२) यस मापदण्डमा उल्लेख भएका कार्यक्रमहरु सञ्चालन एवं कार्यान्वयन गर्ने/गराउने प्रमुख जिम्मेवारी कार्यालय प्रमुखको रहनेछ भने समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको रहनेछ।

(३) कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्न पूर्व तयारी स्वरुप कार्यक्रम सञ्चालन प्रकृया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य विषयमा आवश्यक छलफल एवं परामर्श गरी प्रचलित कानून बमोजिम कार्यक्रममा रहेको बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्नेछ।

(४) कार्य सञ्चालन प्रक्रियामा उल्लेखित क्रियाकलापहरु सम्पन्न गर्दा आवश्यक पर्ने बैठक भत्ता, खाना/खाजा खर्च, भ्रमण खर्च, सहभागी भत्ता, आदि बापतको खर्च/भुक्तानी गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम सम्बन्धित कार्यक्रम शीर्षकबाट गर्नुपर्नेछ।

(५) चालु आर्थिक वर्ष २०८२/०८३ मा विनियोजन भएको बजेटको आर्थिक दायित्व आगामी आर्थिक वर्षमा सर्ने एवं विनियोजित बजेट भन्दा थप आर्थिक दायित्व सृजित हुने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन। यसरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गरेको पाइएमा स्वयं थप आर्थिक दायित्व सृजना गर्ने अधिकारीबाट थप आर्थिक दायित्वको सोधभर्ना गर्नुपर्नेछ।

(६) सम्पादित कार्यक्रमको आन्तरिक लेखा परिक्षण र अन्तिम लेखा परिक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ।

(७) कार्यक्रमको वित्तीय र भौतिक प्रगति त्रैमासिक र वार्षिक रुपमा स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ साथै आवश्यकतानुसार कार्यक्रमहरुको अनुगमन, मूल्यांकन, सहजिकरण एवं अनुशिक्षण सोही निकायबाट हुनेछ।

(८) यस मापदण्डको कुनै विषय अस्पष्ट भएमा स्वास्थ्य मन्त्रालयमा सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ।

(९) यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा यस मापदण्डलाई पथ प्रदर्शकको रुपमा लिई स्वीकृत कार्यक्रमको बजेट र तपसिलमा उल्लेखित प्रचलित कानूनको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ।

**तपसिलः**

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली [संशोधन सहित], २०६४,

- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९
- गण्डकी प्रदेश आर्थिक ऐन, २०८२
- गण्डकी प्रदेश विनियोजन ऐन, २०८२
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१
- प्रदेश खर्चको मापदण्ड, २०७९
- आर्थिक वर्ष २०८२/०८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८२
- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०८१
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१
- कार्यक्रम सञ्चालन गर्दा अन्य प्रचलित कानून बमोजिम जारी भएका ऐन, नियमावली, कार्यविधि, गठन आदेश, मापदण्ड एवं निर्देशिकालाई आधार मानी गर्नु पर्नेछ साथै प्रचलित कानून [ऐन/नियमावली/कार्यविधि/मापदण्ड आदि] मा संशोधन वा जारी भएमा सो समेतलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

# विषयसूची


१) जनस्वास्थ्य कार्यालयमा कोल्डरुम सञ्चालन एवं व्यवस्थापनका लागि Cold Chain Assistant [पाँचौ तह]-१ जनशक्ति व्यवस्थापन 5

२) क्षयरोग, कुष्ठरोग, एच.आई.भी, औलो, डेंगु, कालाजार आदि सरुवा रोग तथा पोलियो, दादुरा, रुबेला, जापानीज इन्सेफलाइटिस, धनुष्टङ्कार आदि खोपबाट बचाउन सकिने रोगको खोजपड्ताल, अभिमुखीकरण, केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ, प्रतिकार्य, स्याम्पल ढुवानी तथा RRT परिचालन ..... 7

३) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई अभिमूखीकरण ..... 9

४) खानेपानी गुणस्तर निगरानी तथा समुदायमा क्लोरिनेसन अभियान सञ्चालन ..... 10

५) एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली मोनिटरिङ पोर्टल एण्ड सर्भिलेन्स सिस्टम निर्माण ..... 12

६) पारिवारिक तथा जनसांख्यिक लगत संकलन ..... 14

७) स्थानीय तहका स्वास्थ्य समस्याहरुको पहिचान तथा सम्बोधनका लागि विशेष कार्यक्रम ..... 16

८) पोषण अवस्थाको लेखाजोखा र पोषणसम्बद्ध सरोकारवालाहरु बीच पोषणसम्बन्धी अन्तरक्रिया ..... 17

९) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि यातायात तथा सञ्चार खर्च ..... 19

१०) विद्यालय नर्स कार्यक्रम सञ्चालन ..... 20

११) स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिका लागि CPHE (Continuing Public Health Education) कार्यक्रम 21

१२) स्वास्थ्य कार्यक्रमहरूको अर्धवार्षिक समीक्षा तथा योजना तर्जुमा ..... 23

१३) स्वास्थ्यकर्मीलाई IHMIS/DHIS2/E-LMIS/E-HMIS तालिम ..... 24

१४) निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) सञ्चालन अनुमति अनुगमन, सुपरिवेक्षण, समन्वयात्मक बैठक तथा स्थलगत अनुशिक्षण ..... 25

१५) एम्वुलेन्स सेवा समितिको बैठक तथा सरोकारवाला बीच समीक्षा तथा अभिमुखीकरण ..... 27

१६) सर्पदंश उपचार केन्द्रमा कार्यरत कर्मचारीहरूलाई तालिम/पुनर्ताजगी तालिम र उपचार केन्द्रमा सामाग्री खरिद तथा व्यवस्थापन ..... 28

१७) उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रम ..... 29

१८) नर्सिङ कर्मचारीहरुलाई ३ दिने STI/HIV Syndromic case Management तालिम ..... 30

१९) जोखिमयुक्त कारखानाका कामदारका लागि व्यवसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी अभिमुखीकरण तथा सरोकारवाला बीच अन्तरक्रिया ..... 31

२०) स्वास्थ्यकर्मीहरुलाई NTD सम्बन्धी तालिम ..... 32

२१) महामारी एवं विपदको पुर्व तयारी, रोग नियन्त्रण तथा उपचारका लागि औषधी, कीट, तथा अन्य औषधीजन्य सामग्रीको व्यवस्थापन ..... 33

## (१) जनस्वास्थ्य कार्यालयमा कोल्डरुम सञ्चालन एवं व्यवस्थापनका लागि Cold Chain Assistant [पाँचौ तह]-१ जनशक्ति व्यवस्थापन

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.१११ | २२५२२ | गोरखा, पर्वत, म्याग्दी, र लमजुङ – ५०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | जनस्वास्थ्य कार्यालयहरुमा खोप तथा खोपजन्य सामग्रीहरुको भण्डारण, आपूर्ति व्यवस्थापन तथा कोल्डचेन व्यवस्थापनका लागि हाल तोकिएका कर्मचारी नभएका जनस्वास्थ्य कार्यालयहरुमा र स्थानीय तहमा रहेका सब सेन्टरहरुलाई समेत सुदृढीकरण गरी खोप, कोल्डचेन तथा खोपजन्य सामाग्रीको व्यवस्थापनका लागि यो कार्यक्रम राखिएको  हो। |
| **उद्देश्य** | ● प्राप्त भ्याक्सिन तथा खोपजन्य सामाग्रीको माग, आपूर्ति प्रणाली व्यवस्थापन, सञ्चालन तथा सहजीकरण गर्नु,<br>● कोल्डरुमहरुको प्रभावकारी व्यवस्थापन तथा सञ्चालन गर्नु,<br>● खोप तथा भ्याक्सिनसंग सम्बन्धित कार्यहरुको अभिलेख तथा प्रतिवेदन गर्नु। |
| **अपेक्षित प्रतिफल** | ● कोल्डरुमहरुको प्रभावकारी व्यवस्थापनका साथ गुणस्तरीय खोप सेवा सञ्चालनका लागि जिल्लाबाट प्राविधिक सहजीकरण भएको हुनेछ।<br>● भ्याक्सिन तथा खोपजन्य सामग्रीहरुको अभिलेख प्रतिवेदन चुस्त दुरुस्त रहेको हुनेछ। |
| **कार्य सञ्चालन प्रकृया** | ● कोल्डरुम सञ्चालन एवं व्यवस्थापनका लागि अघिल्लो आर्थिक वर्षमै कोल्ड चेन असिस्टेन्ट (चौथो) पदमा नियुक्त भएको तथा कार्य सम्पादन समेत सन्तोषजनक भएमा निजलाई नै यस कार्यक्रम अन्तरगत निरन्तरता दिने।<br>● कोल्ड चेन असिस्टेन्टको स्थायी पदपूर्ती नभएको हकमा आर्थिक वर्षको सुरुमा नै "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम कोल्ड चेन असिस्टेन्ट (चौथो तह) नियुक्त गरी करार सेवामा कर्मचारी भर्ना गर्ने ।<br>● सेवा करार/करारमा नयाँ कर्मचारी लिँदा अवलम्बन गर्नुपर्ने मापदण्डहरु:<br>**न्युनतम शैक्षिक योग्यता:**<br>● CMA कोर्ष उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने।<br>**प्राथमिकता दिनुपर्ने आधारहरु:**<br>● विगत देखि खोप सेवामा संलग्न कार्य गरेको अनुभव प्राप्त व्यक्ति।<br>● स्वास्थ्यकर्मीका लागि प्रदान गरिएको खोप सम्बन्धि र अन्य स्वास्थ्य सेवा सम्बन्धि तालिम लिएको।<br>**करार सेवा कर्मचारीको मुख्य जिम्मेवारी:**<br>● भ्याक्सिन तथा खोप जन्य सामग्रीहरुको भण्डारण, वितरण तथा अभिलेख र प्रतिवेदन राख्ने, |

| विषयवस्तु | विवरण |
|---|---|
| | ● फ्रिज तथा रेफ्रिजेरेटरहरुको सरसफाई, दिनमा कम्तिमा २ पटक तापक्रम अनुगमन र सो को अभिलेख तथा प्रतिवेदन गर्ने,<br>● कोल्डचेन आकस्मिक योजना, भ्याक्सिन प्राप्ति तथा वितरण योजना बनाई योजना अनुसार खोप तथा खोपजन्य सामग्री वितरण र ढुवानीको व्यवस्थापन गर्ने,<br>● खोपसँग सम्बन्धित तालिम,गोष्ठी, बैठकहरु सञ्चालन व्यवस्थापन तथा सहजीकरणमा सहयोग गर्ने,<br>● आवश्यकताका आधारमा स्थानीय तहहरुमा प्राविधिक सहजीकरण गर्ने,<br>● जिल्लाभरीको खोप कार्यक्रमको प्रगति विश्लेषण र पृष्ठपोषण कार्यमा सहयोग गर्ने,<br>● लगाए, अह्राएको अन्य कार्यहरु गर्ने ।<br>● प्रदेश स्वास्थ्य सेवाको सहायक **चौथो तहको** मासिक तलब स्केल बराबरको रकम भुक्तानी गर्ने साथै नियमानुसार चाडवाड खर्च र पोषाक भत्ता भुक्तानी गर्ने । |

## (२) क्षयरोग, कुष्ठरोग, एच.आई.भी, औलो, डेंगु, कालाजार आदि सरुवा रोग तथा पोलियो, दादुरा, रुबेला, जापानीज इन्सेफलाइटिस, धनुष्टङ्कार आदि खोपबाट बचाउन सकिने रोगको खोजपड्ताल, अभिमुखीकरण, केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ, प्रतिकार्य, स्याम्पल ढुवानी तथा RRT परिचालन

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.१५ | २२५२२ | कास्की, गोरखा, तनहुँ – ७००, नवलपरासी (ब.सु.पू), पर्वत, म्याग्दी, लमजुङ -४००, बागलुङ, स्याङ्जा – ६००, मनाङ, मुस्ताङ – २०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | रोगको महामारी/प्रकोपको अवस्था जुनसुकै समय र स्थानमा सिर्जना हुन सक्छ । विपद् प्रतिकार्य योजना तथा कन्टिन्जेन्सी योजना तयार गरी राख्नाले महामारी रोकथाम र प्रतिकार्यका गतिविधि सहज रुपले सञ्चालन गर्न सकिने र जनधनको क्षति न्यूनीकरण, रोकथाम, व्यवस्थापन तथा नियन्त्रण गर्न सहज हुन्छ । महामारी रोकथामको लागि पूर्वतयारी, नियमित निगरानी र रोग नियन्त्रणका लागि आवश्यकता अनुसार Rapid Response Team (RRT) परिचालन, केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ, नमूना (स्याम्पल) संकलन तथा ढुवानी, रोग नियन्त्रण तथा रोकथाम सम्बन्धी निर्देशिकाको अभिमुखीकरण र बहुनिकाय बैठक गर्नुपर्ने हुँदा यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | जिल्ला तथा स्थानीय तहमा महामारीको अवस्थाको लागि पूर्वतयारी, जोखिमको न्यूनीकरण,रोकथाम , नियन्त्रण तथा व्यवस्थापन गर्नु । |
| **अपेक्षित प्रतिफल** | प्रकोप /महामारी /विपद् व्यवस्थापनका लागि तयारी अवस्थामा रहने, त्यसको समयमै व्यवस्थापन भएको हुने र सो सम्बन्धी तथ्याङ्क अद्यावधिक भएको हुनेछ । |
| **कार्य सञ्चालन प्रक्रिया** | **स्क्रिनिङ तथा खोजपड्ताल**<br>● जिल्लामा रोगको भार अनुसार कोभिड-१९, क्षयरोग, एच.आई.भी, कुष्ठरोग, औलो, डेंगु, कालाजार, स्क्रब टाइफस आदि सरुवा रोग तथा पोलियो, दादुरा, रुबेला, जापानीज इन्सेफलाइटिस, धनुष्टङ्कार आदि खोपबाट बचाउन सकिने रोगको स्क्रिनिङ, खोजपड्ताल, केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ, नमूना (स्याम्पल) संकलन तथा ढुवानी सम्बन्धी निर्देशिका अनुसारका क्रियाकलापहरु गर्ने,<br>● सम्बन्धित सरुवा रोगका बिरामीहरुको संख्याको आधारमा समुदायस्तरमा प्राथमिकता निर्धारण गरी स्क्रिनिङ गर्नुपर्दछ ।<br>● राष्ट्रिय क्षयरोग केन्द्र, भक्तपुर तथा स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी क्षयरोगको जोखिममा रहेका समूह तथा समुदायमा CAD (AI) X-Ray को प्रयोग गरी वा अन्य विधिबाट स्क्रिनिङ गर्ने, पत्ता लागेका बिरामीहरुको खकार संकलन तथा निदानका लागि सहजीकरण गर्ने, DR तथा DS TB बिरामीको सम्पर्कमा रहेका (समुदाय र घर परिवार) व्यक्तिहरुको सक्रिय खोजपड्ताल गर्ने । |

| विषयवस्तु | विवरण |
|---|---|
| | **जिल्ला द्रुत प्रतिकार्य टोली (Rapid Response Team) परिचालन तथा बहुपक्षिय निकायहरुबीच समन्वय बैठक**<br>● "द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९" अनुसार जिल्ला द्रुत प्रतिकार्य टोलीले महामारीको अवस्थामा महामारी व्यवस्थापन तथा आपत्कालीन जनस्वास्थ्य घटनाको अनुसन्धान र सहजीकरण लगायतका क्रियाकलापहरु गर्ने,<br>● रोगको भारको अवस्था हेरी औषधी तथा परीक्षण किट (डेंगु, स्क्रब टाईफस, कालाजार आदि) लगायतका औषधीजन्य सामग्री नियमानुसार खरिद गरी तत्कालै व्यवस्था गर्ने ।<br>● आवश्यकता अनुसार Vaccine Preventable Disease(VPD), Vector Borne Disease (VBD), Influenza, Water and food borne diseases आदिको थप परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा परीक्षण हुने सम्बन्धित निकायमा नमूना ढुवानीको खर्च यसै कार्यक्रमबाट प्रचलित कानून बमोजिम गर्न सकिनेछ ।<br>● महामारीको सूचना प्राप्त भएपछि Surveillance Outbreak Response Management Analysis System (SORMAS) मा प्रविष्टी भएको यकिन गर्नुका साथै महामारी सम्बन्धी विवरण तथा रोग फैलन नदिन रोकथामका लागि सञ्चालन गरी स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन गर्नुपर्दछ ।<br>● विपद् प्रतिकार्य योजना तथा कन्टिन्जेन्सी योजना आवश्यकता अनुसार अद्यावधिक गर्ने,<br>● जिल्ला एवं स्थानीय विपद् व्यवस्थापन समितिसँगको समन्वयमा विभिन्न रोगको महामारीका सबै चरण (पूर्वतयारी, प्रतिकार्य तथा महामारी पश्चातको अवस्था) मा विभिन्न निकायहरुबीच समन्वयात्मक बैठक गर्न सकिनेछ ।<br>**अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन**<br>● स्थानीय तहहरुमा आवश्यकता अनुसार द्रुत प्रतिकार्य टोली गठन/पुनर्गठनका साथै SORMAS सम्बन्धी अभिमुखीकरण तथा सहजीकरण गर्ने,<br>● महामारी हुनसक्ने अवस्थामा वा महामारी रोकथामका लागि विशेष समूहलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,<br>जस्तै: डेंगु रोकथाम तथा नियन्त्रणका लागि टोल विकास संस्था, आमा समूह, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधी, सुरक्षाकर्मी, शिक्षक, ग्यारेज/कवाडीखाना सञ्चालक लगायतका सरोकारवालाहरुलाई र समूहगत रुपमा मानिसहरु रहने ठाउँ जस्तै कारागार, सुरक्षा निकायका क्याम्पहरु, विद्यालय आदिमा अभिमूखीकरण गर्ने । |

## (३) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई अभिमूखीकरण

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.१५४ | २२५२२ | गोरखा, तनहुँ, बागलुङ र स्याङ्जा - ५०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | स्वास्थ्य संस्था व्यवस्थापन समितिले गर्ने कार्य प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि समितिका सदस्यहरुको स्वास्थ्य संस्था सञ्चालनको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न आवश्यक छ । समितिका पदाधिकारीहहरुको लागि स्वास्थ्य सेवाको प्राविधिक पक्ष, आवश्यकता पहिचान, प्राथमिकीकरण, योजना तर्जुमा, कार्यान्वयन, समावेशी र आधारभूत स्वास्थ्य सेवा, सुशासन, नेतृत्व विकास र नयाँ परिस्थितिमा व्यवस्थापनका विविध पक्षहरुमा ज्ञान र क्षमता अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको छ। |
| **उद्देश्य** | ● समितिका पदाधिकारीहरूलाई आफ्नो काम, कर्तव्य र अधिकार, भूमिका तथा कार्यक्षेत्रका बारेमा जानकारी प्रदान गर्नु,<br>● स्वास्थ्य सेवाको प्रवाहलाई प्रभावकारी बनाउनु। |
| **अपेक्षित प्रतिफल** | ● समितिका सदस्यहरूले स्पष्ट रूपमा आफ्नो कर्तव्य र भूमिका बुझेका हुनेछन् र स्वास्थ्य संस्था व्यवस्थापनमा सुधार भई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ। |
| **कार्य सञ्चालन प्रकृया** | ● स्थानीय तह मातहतका नगर/आधारभूत अस्पताल, स्वास्थ्य चौकी लगायतका स्वास्थ्य संस्थाहरूमा कार्यक्रम सञ्चालन गर्ने,<br>● कार्यक्रममा समितिका सबै सदस्यहरूको सहभागिता सुनिश्चित गर्ने,<br>● कार्यक्रम सञ्चालन गर्नका लागि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको मापदण्ड/निर्देशिकाका विषयवस्तु समेट्ने गरी एक दिनको अभिमुखीकरण गर्ने,<br>● कार्यक्रमको अन्तमा स्वास्थ्य संस्था सुदृढीकरण योजना तयार गरी कार्यान्वयन गर्ने। |

## (४) खानेपानी गुणस्तर निगरानी तथा समुदायमा क्लोरिनेसन अभियान सञ्चालन

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.१८ | २२५२२ | कास्की, स्याङ्जा - ३००, तनहुँ – १५०, नवलपरासी (ब.सु.पू), गोरखा, बागलुङ, मनाङ, म्याग्दी – १००, पर्वत -२००, मुस्ताङ -५०, लमजुङ – १६० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ ले खानेपानीको गुणस्तरीयता कायम राख्नका लागि खानेपानीको गुणस्तर निगरानी (सर्भिलेन्स) तथा खानेपानी सुरक्षा योजनाको अनुगमन गर्ने जिम्मेवारी प्रदेश सरकारको हकमा स्वास्थ्य क्षेत्र हेर्ने सम्बन्धित मन्त्रालय वा मान्यता प्राप्त स्वतन्त्र निकायलाई तोकेको छ। खानेपानी गुणस्तर निगरानी (सर्भिलेन्स) कार्य एउटा निरन्तर, स्वतन्त्र तथा पारदर्शी ढंगले चलाइने प्रकृया हो जसको उद्देश्य प्रदुषणको पहिचान गरी स्वास्थ्यलाई हुनसक्ने खतराको रोकथाम र नियन्त्रण गर्नु हो। खानेपानीको आपूर्तिसँग आवद्ध सम्पूर्ण संघसंस्थालाई पानीको गुणस्तर निरन्तर कायम राख्न समयमा नै उचित जानकारी दिन तथा समुदायमा पानीजन्य रोग न्यूनीकरण गर्ने सुरक्षाका उपायबारे जनचेतना फैलाउनका लागि यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | खानेपानीको गुणस्तर निगरानी गर्नु। |
| **अपेक्षित प्रतिफल** | पानीजन्य रोगहरुको जोखिम न्यूनीकरण भएको हुनेछ। |
| **कार्य सञ्चालन प्रकृया** | ● यस कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तह र खानेपानी तथा सरसफाइ डिभीजन कार्यालय लगायत अन्य सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्नुपर्नेछ।<br>● **खानेपानी गुणस्तर निगरानी गर्ने:**<br>➢ राष्ट्रिय खानेपानी गुणस्तरीय निगरानी (सर्भिलेन्स) निर्देशिका,२०७० (प्रथम संशोधन २०७६) अनुरुप लेखाजोखा गर्ने विधि (Auditing), प्रत्यक्ष मूल्यांकन विधि (Direct assessment) र अप्रत्यक्ष मूल्यांकन विधि (Indirect impact assessment) बाट खानेपानी गुणस्तर निगरानी गर्ने,<br>➢ खानेपानी आयोजनाबाट sampling गरी नमूना परीक्षण गर्ने र पृष्ठपोषण सहित प्रतिवेदन उपलब्ध गराउने,<br>➢ Water Chlorination (automatic dosing machine) र Free Residual Chlorine जाँच गर्न स्थानीय तह र खानेपानी आयोजनाको क्षमता विकास गर्ने,<br>➢ स्थानीय तहलाई नियमित रुपमा जैविक परीक्षण गर्न Wagtech machine तथा अन्य आवश्यक सामग्री खरिद गर्न प्रोत्साहन गर्ने।<br>● **अभिमुखीकरण**<br>➢ स्थानीय तहका प्रमुख/उपप्रमुख, स्वास्थ्य शाखा, खानेपानी आयोजनाका सम्बन्धित पदाधिकारी तथा उपभोक्ता समुहहरुका लागि विश्व स्वास्थ्य संगठन, युनिसेफ लगायत अन्य साझेदार संस्थाको सहयोगमा खानेपानी सुरक्षा योजना (Water Safety Plan), National |

| विषयवस्तु | विवरण |
|---|---|
| | Water Sanitation and Hygiene Management Information System (NWASH-MIS), पानीजन्य रोग,  आदिका बारे अभिमुखीकरण गर्न सकिनेछ।<br>➢ महामारीको समयमा आवश्यकता अनुसार  Bleaching Powder, Chlorine solution/ tablets, पानी परीक्षणका लागि आवश्यक सामग्री आदि खरिद गर्न सकिनेछ। यस बाहेक राष्ट्रिय खानेपानी गुणस्तरीय निगरानी (सर्भिलेन्स) निर्देशिका,२०७० (प्रथम संशोधन २०७६) अनुरुपका अन्य आवश्यक क्रियाकलापहरु गर्न सकिनेछ। |

## (५) एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली मोनिटरिङ पोर्टल एण्ड सर्भिलेन्स सिस्टम निर्माण

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.२०४ | २२५२२ | सबै जनस्वास्थ्य कार्यालय - ५०० |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | एच्. एम्. आई. एस्. मा रहेका फाराम तथा फर्मेटहरुलाई आधुनिक विद्युतीय प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवासँगै अनलाईन ईन्ट्री गरी प्रणालीमा आबद्धता गराई सेवाको स्तर, क्षेत्रगत अवस्था, सेवाग्राहीको पहुंच लगायत विविध पक्षहरुलाई हेर्न, अनुसन्धान गर्न, तत्काल व्यवस्थापन गर्न तथा सबैले सूचनाहरुको जानकारी लिन सक्ने बनाउनुपर्ने हुन्छ । यस कार्यका लागि स्वास्थ्य संस्थाहरुमा HMIS को रेकर्डिङका tools हरु प्रयोग गरी तोकिएका रिपोर्टहरु निकाल्ने गरिएकोमा HMIS tools अनुसार नै विद्युतीय रुपमा Recording, Reporting गरी तथ्यांकको गुणस्तरमा सुधार ल्याउन र रोग निगरानीमा सहयोग पुऱ्याउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्वास्थ्य संस्थाको स्वास्थ्य तथ्यांकहरु अभिलेख तथा प्रतिवेदन Digitalized गर्नु । |
| अपेक्षित प्रतिफल | तथ्यमा आधारित योजना तर्जुमा गर्न र जनस्वास्थ्य निगरानी गर्न सहयोग पुगेको हुनेछ । |
| कार्य सञ्चालन प्रक्रिया | ● बजेटको परिधिभित्र रही जिल्ला तथा स्थानीय तहको प्रतिबद्धता र साझेदारीमा उपयुक्त स्वास्थ्य संस्थाहरुको छनौट गरी उक्त स्वास्थ्य संस्थाहरुमा एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली दिशानिर्देश अनुसार तयार गरिएका, समग्र रजिस्टर/रिपोर्ट समेटिएका तथा व्यवस्थापन महाशाखाबाट स्वीकृति प्राप्त गरेका सेवा प्रदायकबाट प्रचलित कानून बमोजिम उपयुक्त सफ्टवेयर खरिद गर्ने,<br>● स्वास्थ्य संस्थाहरु छनौट गर्दा भौतिक पूर्वाधारहरु (computer, laptop, internet) र सहलागानी गर्न इच्छुक स्थानीय तहहरुलाई प्राथमिकता दिने,<br>● स्थानीय तह छनौट गर्दा सो अन्तरगतका सबै स्वास्थ्य संस्थाहरु समेटिने गरी प्राथमिकताका आधारमा कार्यक्रम लागू गर्ने,<br>● छनौटमा परेका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुलाई आधारभूत तालिमको व्यवस्थापन स्थानीय तहले गर्ने र Onsite Coaching/Refresher तालिम स्थानीय तहसँग समन्वय गरी सम्बन्धित स्वास्थ्य संस्था वा स्थानीय तहमा नै गई जनस्वास्थ्य कार्यालयले गर्ने,<br>● सफ्टवेयर तयार गर्ने कम्पनिसंगको सम्झौता बमोजिम संस्थाहरुलाई user ID दिने तथा आवश्यकता अनुसार स्थलगत अनुगमन गरी समस्या समाधान गर्ने,<br>● छानिएका स्वास्थ्य संस्थाहरुले उक्त software को प्रयोग गर्ने,<br>● कार्य सम्पन्न पश्चात स्वीकृत स्पेसिफिकेसन बमोजिम भए नभएको र सफ्टवेयर सञ्चालन भए पश्चात सम्बन्धित निकाय/प्राविधिकबाट प्रतिवेदन तयार गरी भुक्तानी दिने, |

| विषयवस्तु | विवरण |
|---|---|
| | ● eHMIS लागु भइसकेका स्वास्थ्य संस्थाहरुको नवीकरण/ मर्मत सम्भारको लागि सम्बन्धित स्थानीय तहबाट भुक्तानीको लागि पहल गर्ने र त्यो सम्भव नभएमा दोहोरो भुक्तानी नभएको सुनिश्चितता गरी विगतको सम्झौता बमोजिम रकम भुक्तानीको व्यवस्था मिलाउने,<br>नोट: एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई विद्युतिकरण सम्बन्धी अन्य नीतिगत व्यवस्था संघ एवं प्रदेश सरकारले तोके बमोजिम हुनेछ। |

## (६) पारिवारिक तथा जनसांख्यिक लगत संकलन

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.२१ | २२५२२ | तनहुँ, नवलपरासी (ब.सु.पू) – १२००, गोरखा-६००, पर्वत-८००, म्याग्दी-३००, स्याङ्जा - ५०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गरी सबल र स्वस्थ गराउने गण्डकी प्रदेशको नीति अनुरुप आधुनिक विद्युतीय प्रविधिको प्रयोग गरी सम्बन्धित स्थानीय तहले त्यहाँ बसोबास गर्ने परिवारको जनसांख्यिक तथा स्वास्थ्य स्थितिको विवरण तयार गरी हरेक वर्ष अद्यावधिक भएको सुनिश्चित गर्न यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | प्रदेश भित्र बसोबास गर्ने परिवार र परिवारका सदस्यहरुको स्वास्थ्य स्थितिको विद्युतीय विवरण तयार गर्नु। |
| **अपेक्षित प्रतिफल** | परिवार र परिवारका सदस्यहरुको स्वास्थ्य स्थितिको विद्युतीय विवरण तयार भई स्वास्थ्य सेवा प्रवाहका लागि तथ्यमा आधारित स्पष्ट आधार तयार भएको हुनेछ। |
| **कार्य सञ्चालन प्रकृया** | ● पारिवारिक विवरण संकलन गर्नका लागि विगतमा स्वास्थ्य मन्त्रालय वा सम्बद्ध निकायले तयार गरेको सफ्टवेयर प्रयोग गर्ने,<br>● बजेटको परिधिभित्र रही सम्पूर्ण स्थानीय तहमा कार्यक्रम विस्तार गर्ने,<br>● छनौट भएका स्थानीय तहमा सो कार्यक्रमको जानकारी दिनको लागि स्थानीय तहका प्रमुख, उपप्रमुख, जनप्रतिनिधि, प्रमुख प्रशाससकीय अधिकृत, स्वास्थ्य महाशाखा/शाखा प्रमुख, शिक्षा महाशाखा/शाखा प्रमुख, सामाजिक विकास महाशाखा/शाखा प्रमुख, तथ्यांक संकलनको लागि खटिने स्वास्थ्यकर्मीहरुलाई एक दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,<br>● तालिम, अभिमुखीकरण, Data Synchronization, Data Processing आदिमा लाग्ने खर्च यसै कार्यक्रमबाट गर्न सकिनेछ।<br>● ल्यापटप लगायत अन्य सामाग्रीहरुको व्यवस्थापन तथा विवरण प्रविष्ट गर्ने कार्य स्थानीय तहले गरेको सुनिश्चित गर्ने,<br>● सो विद्युतीय पारिवारिक स्वास्थ्य पार्श्वचित्रका माध्यमबाट सबै नागरिकहरूको पारिवारिक र व्यक्तिगत यथार्थ विवरण सङ्कलन, प्रविष्टी र भण्डारणको संस्थागत र नीतिगत व्यवस्था सम्बन्धित स्थानीय तहहरुले गर्नुपर्नेछ।<br>● हालसम्म शुरुवात भैनसकेका स्थानीय तहहरूमा यो कार्यक्रम सञ्चालन गर्दा स्वास्थ्यकर्मीहरुलाई तथ्यांक संकलनमा खटाउँदा हिमाली जिल्लामा १० घरपरिवार, अन्य दुर्गम स्थानीय तहहरुमा १५ घरपरिवार, सुगम पहाडी स्थानीय तहहरुमा २० परिवार तथा सुगम शहरी स्थानीय तहहरुमा २५ घरपरिवार बराबर एक दिन मानी एक दिनको तथ्यांक संकलन यातायात खर्च बापत रू.७००/-, खाजा खर्च रू.२००/- र मोबाईल डाटा खर्च रू.१००/- गरी प्रति दिन रू.१०००/- उपलब्ध गराउन सकिनेछ। |

| विषयवस्तु | विवरण |
|---|---|
| | • विगतका वर्षमा कार्यक्रम सम्पन्न भएका स्थानीय तहको हकमा विवरण अद्यावधिक गर्न स्थानीय तहलाई सहजीकरण गर्ने तथा नतिजा सार्वजनिक गर्ने । |

## (७) स्थानीय तहका स्वास्थ्य समस्याहरुको पहिचान तथा सम्बोधनका लागि विशेष कार्यक्रम

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.२२ | २२५२२ | **कास्की - ७०, तनहुँ - ८०, नवलपरासी (ब.सु.पू) - १००, गोरखा, पर्वत, बागलुङ, मनाङ, मुस्ताङ, म्याग्दी, लमजुङ र स्याङ्जा - ५०** |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | प्रदेश भित्रको भौगोलिक, सामाजिक, सांस्कृतिक विविधता तथा स्वास्थ्य सेवामा असमान पहुँचका कारण विभिन्न स्थानीय तहमा फरक किसिमका स्वास्थ्य समस्याहरु रहेका छन्। तसर्थ स्थानीय तहको स्वास्थ्य समस्याको पहिचान गरी उक्त समस्याको सम्बोधन गर्ने हेतुले विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | स्थानीय तहमा प्रमुख स्वास्थ्य समस्याहरूको पहिचान गरी प्राथमिकताका आधारमा समस्याहरूको समाधान गर्न सहयोग गर्नु। |
| **अपेक्षित प्रतिफल** | स्थानीय तहका स्वास्थ्य समस्याहरु समाधान गर्न मद्धत पुगेको हुनेछ। |
| **कार्य सञ्चालन प्रकृया** | ● प्रदेश जनस्वास्थ्य कार्यालयले स्थानीय तहसँग समन्वय गरी स्वास्थ्य समस्याहरुको पहिचान गरी प्राथमिकीकरण गर्ने,<br>● स्वास्थ्य समस्याहरुको समाधानका लागि आवश्यकता र औचित्यको आधारमा दोहोरो नपर्ने गरी प्रचलित कानून बमोजिम कार्यक्रम सञ्चालन गर्ने (जस्तै : सडक दुर्घटना रोकथाम कार्यक्रम, व्यावसायिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम आदि)। |

## (८) पोषण अवस्थाको लेखाजोखा र पोषणसम्बद्ध सरोकारवालाहरु बीच पोषणसम्बन्धी अन्तरक्रिया

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.२३ | २२५२२ | कास्की, तनहुँ, नवलपरासी (ब.सु.पू), म्याग्दी, लमजुङ – २००, गोरखा, पर्वत, बागलुङ, स्याङ्जा – ३००, मनाङ,मुस्ताङ – १०० |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | जन्मदेखि पाँच वर्ष भित्रका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक क्षमताको विकास हुने भएकोले जीवनको पहिलो पाँच वर्षका उमेरलाई मानव विकास क्रमको अति महत्वपूर्ण समय मानिन्छ। बालबालिकाको जीवनरक्षा, स्वास्थ्य तथा विकासका लागि उपयुक्त पोषण एक दरिलो जग हो। पाँच वर्ष मुनिका बालबालिकाको पोषण अवस्था लेखाजोखा गरी पोषणमा सुधार गर्नुपर्ने थप कार्यहरु पत्ता लगाई स्थानीय तहका जनप्रतिनिधि तथा पोषण सम्बद्ध सरोकारवालाहरुबीच पोषण सम्बन्धी पैरवी बैठक तथा अन्तरक्रिया गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | पाँच वर्ष मुनिका बालबालिकाको पोषण अवस्थाको लेखाजोखा गरी पोषणको महत्व बारेमा अन्तरक्रिया तथा पैरवी गर्नु। |
| अपेक्षित प्रतिफल | बालबालिकाको पोषण अवस्थाको लेखाजोखा भई पोषण अवस्थामा सुधार भएको हुनेछ। |
| कार्य सञ्चालन प्रकृया | **पाँच वर्ष मुनिका बालबालिकाको पोषण अवस्थाको लेखाजोखा**<br>● कुपोषणको अवस्था बढी भएका स्थानीय तहलाई प्राथमिकता दिई छनौट गर्ने,<br>● सम्बन्धित स्थानीय तहको समन्वयमा पाँच वर्ष मुनिका बालबालिकाको पोषण स्थितिको सकेसम्म धेरै स्क्रीनिङ गर्ने,<br>● बालबालिकाहरुको उचाई, तौल र पाखुराको मध्य भागको मापन गरी अभिलेखीकरण गर्ने र पत्ता लागेका कुपोषित बालबालिकाहरुलाई सम्बन्धित स्वास्थ्य संस्थामा प्रेषण गर्ने,<br>● यस कार्यका लागि CNSI तालिम प्राप्त स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका परिचालन गर्न सकिनेछ र पोषण लेखाजोखा गर्ने स्वास्थ्यकर्मीलाई खाजा र प्रचलित भाडादर बमोजिम यातायात खर्च उपलब्ध गराउन सकिनेछ।<br>● पोषण अवस्थाको लेखाजोखाको प्रतिवेदन तयार गरी स्वास्थ्य मन्त्रालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।<br>● यस क्रियाकलापको लागि उपलब्ध बजेट मध्येको बढीमा ५० प्रतिशत सम्म खर्च गर्न सकिनेछ।<br>**पोषणसम्बद्ध सरोकारवालाहरु बीच पोषणसम्बन्धी पैरवी बैठक तथा अन्तरक्रिया**<br>● पोषणसँग सम्बन्धित विषयहरु समेटी जनस्वास्थ्य कार्यालयले उपयुक्त सरोकारवालाहरु निर्क्यौल गरी स्थानीय तहहरुमा एक दिनको पैरवी बैठक तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,<br>● मातृ तथा नवशिशु पोषण, स्वस्थकर खानपान, खाद्य स्वच्छता, विषादी रहित खाद्य तथा पोषण, रैथाने खाना, माटो र पोषणको अन्तरसम्बन्ध आदि पोषणसँग सम्बन्धित विषयवस्तुहरुमा पैरवी तथा अन्तरक्रिया गर्न सकिनेछ। |

| विषयवस्तु | विवरण |
| --- | --- |
| | ● उक्त कार्यक्रममा विषयवस्तु अनुसार जनप्रतिनिधिहरु, स्वास्थ्य/कृषि/शिक्षा महाशाखा/शाखा प्रमुख, गर्भवती महिला, होटल/रेष्टुरेन्ट सञ्चालक, कृषक, ५ वर्ष मुनीका बालबालिकाका आमा, विद्यालयका स्वास्थ्य/पोषण विषयका शिक्षक, विद्यार्थी आदिको सहभागिता गराउनुपर्नेछ । |

## (९) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि यातायात तथा सञ्चार खर्च

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.२४ | २२५२२ | कास्की – ६३६०, तनहुँ – २८५०, नवलपरासी (ब.सु.पू) – २२०२, गोरखा-३७९८, पर्वत-३१०२, बागलुङ-५८०२, मनाङ-७२०, मुस्ताङ-८५२, म्याग्दी-२२९८ , लमजुङ-४०९८ र स्याङ्जा – ३७०२ |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७ (पहिलो संशोधन, २०७६) अनुसार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्वारा छनोट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवी भई कार्य गर्न तत्पर भएका, स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुऱ्याउने स्वयंसेवी महिलालाई जनाउँछ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले समुदायस्तरमा जनचेतना, प्रचार प्रसार, सूचनाहरु सम्प्रेषण, आवश्यक परामर्शको साथै परिवार नियोजन, मातृ, नवशिशु तथा बाल स्वास्थ्य प्रवर्द्धन, सरुवा रोग तथा महामारी नियन्त्रण आदि क्षेत्रमा प्रत्यक्ष योगदान पुऱ्याउँदै आएका छन् । अतः स्वयंसेवी भावनाले प्रेरित भई निःशुल्क रुपमा समुदायस्तरमा स्वास्थ्य क्षेत्रमा सेवा गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले सेवा गर्ने सिलसिलामा हुने यातायात तथा सञ्चार खर्चलाई व्यवस्थापन गर्न प्रोत्साहन स्वरुप यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सेवा गर्ने सिलसिलामा हुने यातायात तथा सञ्चार खर्चको व्यवस्थापन गरी उत्प्रेरणा जगाउनु । |
| अपेक्षित प्रतिफल | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु समुदायस्तरमा सेवा प्रवाह गर्न प्रोत्साहित भएका हुनेछन् । |
| कार्य सञ्चालन प्रकृया | ● सम्बन्धित जनस्वास्थ्य कार्यालयले जिल्ला भित्र चालु आर्थिक वर्ष २०८२/८३ मा अवकाश प्राप्त गरेका र हाल कार्यरत रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको नामनामेसी सहितको तथ्याङ्क / विवरण अद्यावधिक गर्ने,<br>● आ.व. २०८२/८३ मा अवकाश प्राप्त गरेका र हाल कार्यरत रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई वार्षिक प्रोत्साहन स्वरुप प्रति स्वयंसेविका रू. छ हजारका दरले यातायात तथा सञ्चार खर्च उपलब्ध गराउने ।<br>● उक्त रकम अनिवार्य रुपमा सम्बन्धित स्वयंसेविकाको बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेछ ।<br>**नोट:** चालु आ.व. २०८२/८३ मा अवकाश प्राप्त भन्नाले मिति २०८२/०४/०१ गते देखि २०८३ आषाढ मसान्तसम्म अवकास भएका वा अवकास हुने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भन्ने बुझ्नु पर्दछ । साथै नेपाल सरकारबाट उपलब्ध हुने सम्मान स्वरुप दिईने रकम बिदाई हुने समयमा जनस्वास्थ्य कार्यालय मार्फत स्थानीय तहहरुसँग समन्वय गरी उपलब्ध गराउनुपर्दछ । |

## (१०) विद्यालय नर्स कार्यक्रम सञ्चालन

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.२५ | २२५२२ | कास्की, तनहुँ, नवलपरासी (ब.सु.पू), गोरखा, बागलुङ, लमजुङ, स्याङ्जा -९९०, पर्वत, मनाङ, मुस्ताङ, म्याग्दी- ५३० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकालाई नर्स मार्फत स्वस्थ जीवनशैलीमा अभ्यस्त गराउन, वातावरण तथा व्यक्तिगत सरसफाईमा सुधार ल्याउन, सन्तुलित र पोषिलो खानेकुरा खान प्रेरित गर्न, किशोर किशोरीको यौन तथा प्रजनन् स्वास्थ्यमा सुधार ल्याउन, किशोरीहरुको मर्यादित महिनावारी सम्बन्धी चेतनामूलक कार्यक्रम गरी विद्यालय जाने वातावरण सिर्जना गर्न र स्वस्थ व्यवहार अपनाउन प्रेरित गर्न  यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | ● विद्यालय स्तरबाटै बालबालिकाहरुलाई स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्नु,<br>● विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्नु,<br>● व्यवहार परिवर्तनमा आधारित स्वास्थ्य शिक्षा प्रदान गर्नु,<br>● स्वस्थ्यसँग सम्बन्धित विद्यालय कार्यक्रमहरु कार्यान्वयन गर्नु। |
| **अपेक्षित प्रतिफल** | विद्यालय स्तरबाटै बालबालिकाहरुले स्वस्थ जीवनशैली तथा स्वस्थ व्यवहार अपनाउन प्रेरित भएका हुनेछन्। |
| **कार्य सञ्चालन प्रकृया** | ● विगतका वर्षमा नियुक्त भएका स्टाफ नर्स (पाँचौं तह) लाई कार्यसम्पादन मूल्यांकनका आधारमा सेवा करारमा निरन्तरता दिन सकिनेछ।<br>● पद रिक्त भएमा सम्बन्धित जनस्वास्थ्य कार्यालयले "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम स्टाफ नर्स  (पाँचौं तह) करार सेवामा पदपूर्ति गर्ने,<br>● उक्त जनशक्तिलाई तलब भत्ता, चाडवाड खर्च, पोषाक भत्ता भुक्तानी गर्ने,<br>● निजहरुलाई जनस्वास्थ्य कार्यालयले आवश्यकता अनुसार स्थानीय तह भित्रका अन्य विद्यालयहरु, महामारी रोकथाम तथा नियन्त्रणका क्रियाकलापहरु, रोगहरुको स्कृनिङ र जनस्वास्थ्य अभियानमा समेत परिचालन गर्न सक्नेछ।<br>● विद्यालय नर्सले कार्यसम्पादन प्रतिवेदन मन्त्रालयले तयार गरेको ढाँचा बमोजिम प्रदेश जनस्वास्थ्य कार्यालयमा मासिक रुपमा र स्वास्थ्य मन्त्रालयमा त्रैमासिक रुपमा पेश गर्नुपर्नेछ।<br>नोट:  विद्यालय नर्स कार्यक्रम सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य मन्त्रालयले तयार गर्ने मापदण्ड बमोजिम हुनेछ। |

## (११) स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिका लागि CPHE (Continuing Public Health Education) कार्यक्रम

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२. २६ | २२५२२ | कास्की, तनहुँ, नवलपरासी (ब.सु.पू), गोरखा, पर्वत, बागलुङ, म्याग्दी, लमजुङ र स्याङ्जा – ६० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | जनस्वास्थ्य र रोग नियन्त्रण जस्ता सार्वजनिक स्वास्थ्यका क्षेत्रहरू निरन्तर विकसित भइरहेका छन् र स्वास्थ्य सेवा प्रणालीमा निरन्तर नवीनतम तथ्य एवं प्रमाणहरू प्रमाणित भई कार्यान्वयनमा आएका हुन्छन् । निरन्तर शिक्षाको आदानप्रदानले स्वस्थ्यकर्मीसँग नवीनतम ज्ञान र उत्कृष्ट अभ्यासहरू सुनिश्चित गर्दछ । Continuing Public Health Education (CPHE) को माध्यमबाट त्यस्ता नवीनतम जानकारी आदान-प्रदान गरी जनस्वास्थ्य कार्यालय तथा विभिन्न स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप, धारणा र क्षमता अभिवृद्धि गरी स्वास्थ्य सेवा गुणस्तरीय बनाउन यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | जनस्वास्थ्य क्षेत्रसँग सम्बन्धित समय सान्दर्भिक र नवीनतम विषयवस्तुमा केन्द्रित रहेर स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप, धारणा र दक्षताको अभिवृद्धि गर्नु । |
| **अपेक्षित प्रतिफल** | नियमित रुपमा CPHE सञ्चालन भई स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप, धारणा र दक्षताको अभिवृद्धि भई गुणस्तरीय सेवा प्रवाह भएको हुनेछ। |
| **कार्य सञ्चालन प्रकृया** | • जनस्वास्थ्य कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीका लागि नियमित रूपमा स्वास्थ्य क्षेत्रका विभिन्न विषयहरू जस्तैः अन्तर्राष्ट्रिय, राष्ट्रिय, स्थानीय स्वास्थ्य समस्या, संस्थाको आवश्यकता, समसामयिक विषय, e-HMIS/e-LMIS, जिल्लाको स्वास्थ्य तथ्यांक विश्लेषण, प्रविधिमैत्री स्वास्थ्य सेवा सञ्चालन आदि विषयमा भौतिक रुपमा वा अनलाइन प्रस्तुतिकरण गर्ने,<br>• यस कार्यक्रममा विभिन्न तालिममा सहभागी भएका जनस्वास्थ्य कार्यालय तथा स्थानीय स्वास्थ्य संस्थाका कर्मचारीले तालिमका सिकाई बारे प्रस्तुतीकरण गर्न सक्नेछन् वा सम्बन्धित विज्ञ (प्रादेशिक अस्पताल, प्रदेश आयुर्वेद अस्पताल/चिकित्सालयमा कार्यरत विशेषज्ञ चिकित्सक, चिकित्सक, प्राज्ञिक, शैक्षिक एवं अनुसन्धानमूलक संस्था) लाई समेत आमन्त्रण गर्न सकिनेछ ।<br>• प्रत्येक त्रैमासिकमा कम्तिमा एउटा CPHE सेसन सञ्चालन गर्नुपर्नेछ । एउटा CPHE सेसनको समयावधि कम्तिमा १ घण्टा ३० मिनेटको हुनुपर्नेछ ।<br>• कार्यक्रमका सहभागीको खाजाका लागि प्रचलित मापदण्ड बमोजिम खर्च गर्न सकिनेछ ।<br>• कार्यक्रम सञ्चालन पश्चात छुट्टै अभिलेख / निर्णय पुस्तिका राखी उक्त अभिलेख/निर्णय पुस्तिकामा तपसिल बमोजिमको कुराहरू समावेश गरी कार्यालय प्रमुखबाट प्रमाणित गरी राख्नुपर्नेछ ।<br>➢ विधि<br>➢ मिति, समय स्थान, |

| विषयवस्तु | विवरण |
|---|---|
| | ➢ प्रस्तुतीकरणको विषयवस्तु,<br>➢ मुख्य सवाल र छलफलको सार,<br>➢ प्रस्तुतकर्ताको नाम, थर र पद,<br>➢ उपस्थित सहभागीको विवरण।<br>● CPHE को सहजकर्तालाई एउटा CPHE सेसन लिए बापत भत्ता रू. एक हजार उपलब्ध गराउने।<br>● अत्यावश्यक विषयको बारेमा जिल्लाभित्र विज्ञ नभएमा बाहिरबाट विज्ञ बोलाएर पनि CPHE गर्न सकिनेछ। यसरी बाहिरबाट सहजकर्ता बोलाउँदा सहजकर्ताको सेवासुविधा नियमानुसार उपलब्ध गराउन सकिनेछ। |

## (१२) स्वास्थ्य कार्यक्रमहरूको अर्धवार्षिक समीक्षा तथा योजना तर्जुमा

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.२७ | २२५२२ | कास्की, नवलपरासी (ब.सु.पू), म्याग्दी - २००, गोरखा, तनहुँ, पर्वत, बागलुङ, लमजुङ र स्याङ्जा- ३०० मनाङ, मुस्ताङ -१०० |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्ति, औषधी, उपकरण, भौतिक सुविधाहरु आदि निरन्तर उपलब्ध भइरहनुपर्ने हुन्छ । स्थानीय तहहरुमा सञ्चालित कार्यक्रमहरुको अवस्था यकिन गर्ने, आगामी दिनहरुमा सञ्चालन गरिनुपर्ने कार्यक्रमहरुको रुपरेखा तयार गर्ने तथा स्वास्थ्य तथ्यांकको प्रयोग गरी प्रदेश र स्थानीय तहका स्वास्थ्य कार्यक्रमका योजना तर्जुमामा सहयोग पुऱ्याउन यो क्रियाकलाप समावेश गरिएको हो । |
| उद्देश्य | स्वास्थ्य कार्यक्रमहरूको अर्धवार्षिक समीक्षा गर्नु । |
| अपेक्षित प्रतिफल | तथ्याङ्क प्रणालीमा सुधार भई तथ्यांकमा आधारित प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा भएको हुनेछ । |
| कार्य सञ्चालन प्रकृया | ● यस कार्यक्रमलाई संघ सशर्त अनुदानबाट प्राप्त कार्यक्रमसँगै कार्यान्वयन गर्नुपर्नेछ ।<br>● बजेटको परिधिभित्र रही स्थानीय तहका स्वास्थ्य महाशाखा/शाखा प्रमुख, प्रदेश अस्पतालका प्रमुख र योजना तथा तथ्यांक (मेडिकल रेकर्ड) शाखा प्रमुख वा तथ्यांक प्रविष्ट गर्ने कर्मचारी, आयुर्वेद अस्पतालका प्रमुख र योजना तथा तथ्यांक (मेडिकल रेकर्ड) शाखा प्रमुख वा तथ्यांक प्रविष्ट गर्ने कर्मचारी, प्रदेश आयुर्वेद चिकित्सालयका प्रमुख, जनस्वास्थ्य कार्यालयका फोकल पर्सनहरु तथा अन्य निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाका प्रमुख/प्रतिनिधि समेटी २ दिनको अर्धवार्षिक समीक्षा बैठक तथा योजना तर्जुमा कार्यक्रम आयोजना गर्ने,<br>● उक्त कार्यक्रममा आवश्यकता अनुसार समन्वय समितका प्रमुख/प्रतिनिधि, स्थानीय तहका प्रमुख/उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, उत्कृष्ट कार्य गर्ने स्वास्थ्य संस्थाबाट स्वास्थ्यकर्मी आदि लाई सहभागी गराउन सकिनेछ ।<br>● चालु आर्थिक वर्षमा सञ्चालित स्वास्थ्य कार्यक्रमहरुको कमि कमजोरी पहिचान गर्ने, सुधार गर्नु पर्ने पक्षहरु पत्ता लगाई आगामी दिनमा कसरी व्यवस्थापन गर्ने निर्क्यौल गर्ने र आगामी वर्षमा संघ तथा प्रदेश श्रोतबाट सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु बारे स्वास्थ्य मन्त्रालयमा सिफारिस गर्ने । |

## (१३) स्वास्थ्यकर्मीलाई IHMIS/DHIS2/E-LMIS/E-HMIS तालिम

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.२८ | २२५२२ | कास्की, तनहुँ, नवलपरासी (ब.सु.पू), गोरखा, पर्वत, बागलुङ, लमजुङ, स्याङ्जा – २००, मनाङ, मुस्ताङ, म्याग्दी – १६० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको विकासक्रम सँगै यसका लागि आवश्यक पर्ने अभिलेख तथा प्रतिवेदन फारामहरु समय सापेक्ष रुपमा अद्यावधिक हुदै आएका छन् । हाल अद्यावधिक भएका अभिलेख प्रतिवेदन फाराम सहित चालु आर्थिक वर्षमा नयाँ नियुक्त भई यसअघि तालिम नलिएका कर्मचारीहरुलाई परिमार्जित IHMIS/LMIS Recording/Reporting Tools र eHMIS, PAMS सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (IHMIS/LMIS) र परिमार्जित/अद्यावधिक अभिलेख तथा प्रतिवेदन प्रणाली सम्बन्धी ज्ञान र सीपको विकास गरी तथ्याङ्क विश्लेषण गर्ने क्षमता अभिवृद्धि गराउनु । |
| **अपेक्षित प्रतिफल** | ● स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS/LMIS), eHMIS, PAMS परिमार्जित अभिलेख तथा प्रतिवेदन प्रणाली र तथ्याङ्कको विश्लेषण सम्बन्धी ज्ञान र सीप विकास भएको हुनेछ । |
| **कार्य सञ्चालन प्रकृया** | ● यस कार्यक्रमलाई संघ सशर्त अनुदानबाट प्राप्त कार्यक्रमसँगै कार्यान्वयन गर्नुपर्नेछ ।<br>● अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रहरुमा कार्यरत स्वास्थ्यकर्मीहरु मध्येबाट यस अघि परिमार्जित HMIS/LMIS Recording/Reporting Tools/ DHIS2 तथा eHMIS/PAMS सम्बन्धी तालिम नपाएका र नयाँ नियुक्त भई आएका कर्मचारीहरुको नामावली तयार गर्ने,<br>● तालिम प्राप्त प्रशिक्षक मार्फत सहभागीहरुलाई HMIS/DHIS2 का साथै eHMIS/PAMS को अभिमुखीकरण गर्ने,<br>● बजेटको परिधिभित्र रही सहभागीको संख्या निर्धारण गरी ३ दिनको तालिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |

## (१४) निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) सञ्चालन अनुमति अनुगमन, सुपरिवेक्षण, समन्वयात्मक बैठक तथा स्थलगत अनुशिक्षण

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.२९ | २२५२२ | कास्की, नवलपरासी (ब.सु.पू) – १५०, तनहुँ, गोरखा, पर्वत, बागलुङ, लमजुङ र स्याङ्जा - ५०, म्याग्दी -२५ |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | गण्डकी प्रदेशमा निजी स्तरमा सञ्चालित स्वास्थ्य संस्थाहरुको नियमित रुपमा नियमन गर्न आवश्यक रहेको छ । जनस्वास्थ्य सेवा ऐन, २०७५, जनस्वास्थ्य सेवा नियमावली, २०७७, स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड, २०७० तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ (पहिलो संशोधन २०७८) साथै गण्डकी प्रदेश सरकारको स्वास्थ्य संस्थाको स्वीकृति, नवीकरण, अनुगमन तथा नियमन गर्ने कार्यविधि, २०७७ बमोजिम आफ्नो अधिकार क्षेत्रमा पर्ने निजी स्वास्थ्य सेवा प्रदायक संस्थाको नियमित अनुगमन तथा मूल्यांकनको आधारमा निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) सञ्चालन अनुमति, अनुगमन, सुपरिवेक्षण तथा स्थलगत अनुशिक्षण गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जिल्लाभित्र रहेका निजी स्वास्थ्य संस्थाको अनुगमन गरी नियमन गर्नु । |
| अपेक्षित प्रतिफल | सबै निजी स्वास्थ्य संस्थाहरु दर्ता भई गुणस्तरिय सेवा दिन सक्षम हुने, सेवाहरु DHIS2 मा प्रविष्टि भएको हुने तथा जनस्वास्थ्यका सेवाहरु जनस्वास्थ्य कार्यालयसँगको समन्वयमा सञ्चालन भएको हुनेछ । |
| कार्य सञ्चालन प्रकृया | ● जनस्वास्थ्य सेवा ऐन, २०७५, जनस्वास्थ्य सेवा नियमावली, २०७७, स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड, २०७० तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ (संशोधन २०७८) का बारेमा जानकारी गराउने,<br>● जिल्लास्तरीय स्वास्थ्य संस्था अनुगमन समितिले आवधिक रुपमा निजी स्वास्थ्य संस्थाको अनुगमन गरी प्रतिवेदन तयार गर्ने,<br>● निर्दिष्ट चेकलिष्ट प्रयोग गरी निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) सञ्चालन अनुमतिका लागि अनुगमन तथा सुपरिवेक्षण गर्ने,<br>➢ जम्मा आम्दानीको १० प्रतिशत नि:शुल्क उपचार दिएको अभिलेख राख्न लगाउने,<br>➢ नि:शुल्क उपचार पाउने बिरामीहरुको नामावली मासिक रुपमा सार्वजनिक गर्न लगाउने तथा सेवा शुल्क र जनशक्तिको विवरण नागिरक वडापत्रमा अनिवार्य राख्न लगाउने,<br>➢ तोके बमोजिम राजश्व जम्मा गराउने ।<br>● न्यूनतम मापदण्ड पुगेको अवस्थामा मात्र स्वीकृति दिने वा नवीकरणका लागि सिफारिस गर्ने,<br>● अनुगमनको क्रममा दिइएको निर्देशनको पालना नभएमा नियमानुसार आवश्यक कारवाही गर्ने,<br>● निजी स्वास्थ्य संस्थाहरु संलग्न गराई आवधिक रुपमा समन्वयात्मक बैठक गर्ने, |

| विषयवस्तु | विवरण |
|---|---|
| | • स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा नियमन गर्दा बैठक, छलफल आदिमा लाग्ने बैठक भत्ता, खाजा तथा खाना खर्च, भ्रमण खर्च प्रचलित नियम अनुसार यसै कार्यक्रमबाट गर्ने । |

## (१५) एम्वुलेन्स सेवा समितिको बैठक तथा सरोकारवाला बीच समीक्षा तथा अभिमुखीकरण

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.३० | २२५२२ | कास्की - ७०, तनहुँ - ८०, नवलपरासी (ब.सु.पू) - १००, गोरखा, पर्वत, बागलुङ, मनाङ, मुस्ताङ, म्याग्दी, लमजुङ र स्याङ्जा - ५० |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | एम्बुलेन्स सेवा निर्देशिका, २०८२ अनुसार एम्बुलेन्स भन्नाले विरामी वा घाईतेलाई घटनास्थलदेखि अस्पताल पुऱ्याउँदासम्म अस्पतालपूर्व सेवा सञ्चालन अनुमति प्राप्त गरेको जैविक, विद्युतीय लगायत उर्जाका अन्य श्रोतबाट चल्ने वाहन सम्झनुपर्छ। एम्बुलेन्सलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि जिल्ला स्तरमा रहेका विभिन्न समितिहरुको बैठक बस्न आवश्यक भएको र आकस्मिक सेवा प्रवाहका विषयमा सवारी चालकहरुलाई समेत जानकारी दिन आवश्यक भएकोले यस कार्यक्रम राखिएको हो। |
| उद्देश्य | ● एम्बुलेन्स सेवा निर्देशिका, २०८२ बमोजिम सेवा सञ्चालन भए नभएको अनुगमन गर्नु र आकस्मिक सेवा प्रवाहका विषयमा चालकहरुलाई जानकारी गराउनु,<br>● जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको नियमित बैठक सञ्चालन गर्नु। |
| अपेक्षित प्रतिफल | जिल्ला स्थित एम्बुलेन्स व्यवस्थापन समिति र एम्बुलेन्स सञ्चालक/चालकहरुलाई एम्बुलेन्स सेवा निर्देशिका, २०८२ को जानकारी भएको हुनेछ र सोही बमोजिम एम्बुलेन्सहरुको सञ्चालन तथा व्यवस्थापन भएको हुनेछ। |
| कार्य सञ्चालन प्रकृया | ● जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिले नयाँ एम्बुलेन्स खरिदको लागि राजस्व छुट तथा सञ्चालन स्वीकृतिको लागि सिफारीस, नवीकरण लगायतका कार्यहरु गर्नका लागि आवश्यकता अनुसार बैठकको आयोजना गर्ने,<br>● निर्देशिका बमोजिम स्थलगत भ्रमण तथा अवलोकन गरी एम्बुलेन्सहरुको अनुगमन गर्ने,<br>● एम्बुलेन्सलाई स्वास्थ्य मन्त्रालयको GPS प्रणालीमा अनिवार्य आबद्ध गराउने,<br>● एम्बुलेन्सका सञ्चालक/चालक र समितिका पदाधिकारीहरु बीच समीक्षात्मक कार्यक्रम सञ्चालन गरी पृष्ठपोषण प्रदान गर्ने।<br>● उक्त समीक्षामा सहजीकरणका लागि प्रदेश एम्बुलेन्स व्यवस्थापन समितिका पदाधिकारी वा मन्त्रालयका सम्बद्ध अधिकारी एवं जिल्लास्थित विज्ञलाई आमन्त्रण गर्न सकिनेछ। |

## (१६) सर्पदंश उपचार केन्द्रमा कार्यरत कर्मचारीहरूलाई तालिम/पुनर्ताजगी तालिम र उपचार केन्द्रमा सामाग्री खरिद तथा व्यवस्थापन

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२. ४६ | २२५२२ | तनहुँ, नवलपरासी (ब.सु.पू), स्याङ्जा – ३५० |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | सर्पले टोकेका व्यक्तिहरुलाई उपचार सेवा छिटो, छरितो र प्रभावकारी रुपमा समयमै उपलब्ध गराउन जिल्लाका विभिन्न स्वास्थ्य संस्थाबाट सर्पदंशको उपचार नियमित रुपमा सञ्चालन गर्न तथा मध्यविन्दु प्रादेशिक अस्पतालका साथै प्रदेश अस्पताल तनहुँ र स्याङ्जालाई सर्पदंश उपचारको रेफरल सेन्टरको रुपमा विकास गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्वास्थ्य संस्थाबाट सर्पदंशको प्रभावकारी उपचार सेवा उपलब्ध गराउनु । |
| अपेक्षित प्रतिफल | सर्पले टोकेका व्यक्तिहरुको उपचार सेवा छिटो, छरितो र प्रभावकारी रुपमा समयमै उपलब्ध भएको हुनेछ । |
| कार्य सञ्चालन प्रकृया | ● सर्पदंश उपचारमा संलग्न चिकित्सक, नर्स, पारामेडिक्सलाई नदोहोरिने गरी ३ दिनको आधारभूत तालिम वा १ दिनको पुनर्ताजगी तालिम दिने,<br>● प्रशिक्षकको रुपमा सरकारी केन्द्रीय अस्पताल, प्रादेशिक अस्पताल तथा स्वास्थ्य सेवा विभागका साथै निजी अस्पताल, Nepal Toxinology Association तथा निजी संस्थामा समेत जनशक्ति उपलब्ध भएमा विशेषज्ञ आमन्त्रण गर्ने,<br>● सर्पदंशको सेवा निरन्तर गर्नका लागि आवश्यक पर्ने औषधी (IV saline, IV Canula, Inj. Hydrocortisone, IV set, Canula Fixer, Inj. adrenaline, Crepe Bandage, Oxygen cylinder, Resuscitation Set, Forceps), सामग्री तथा औजार-उपकरण खरिद गरी तालिम प्राप्त स्वास्थ्यकर्मीहरु कार्यरत स्वास्थ्य संस्थामा वितरण गर्ने,<br>● सर्पदंशको उपचार सेवाको उपलब्धताको बारे प्रचार-प्रसार गर्ने,<br>● सर्पदंश कार्यक्रमलाई निरन्तरता दिनको लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गर्ने,<br>● तालिम सञ्चालन गर्दा सकेसम्म सर्प उद्धारकर्ता भएको प्रदेश भित्रका जिल्लामा तालिम राखी सर्पका नमूना देखाउने र तालिमको समयमा सर्प उद्धारकर्तासँग समन्वय गरी सहभागीलाई सुरक्षित तरिकाबाट विभिन्न प्रकारका सर्प देखाई विषालु र विष नभएको सर्प चिनाउने,<br>● सरकारी निकाय बाहेक अन्यत्रबाट प्रशिक्षक माग गर्दा गण्डकी प्रदेशको खर्चको मापदण्ड, २०७९ बमोजिम परामर्श शीर्षक अन्तर्गत नियमानुसार कर कट्टा गरी भत्ता उपलब्ध गराउन सकिनेछ ।<br>● सर्पदंश उपचार केन्द्र स्थापना गर्दा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको निर्देशिका अनुसार कार्य सम्पादन गर्नुपर्नेछ । |

## (१७) उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रम

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.४७ | २२५२२ | मनाङ र मुस्ताङ - १५०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | गण्डकी प्रदेशका उच्च भेगमा बसोबास गर्ने व्यक्ति, घुम्न आउने आन्तरिक र बाह्य पर्यटकलाई High Altitude Sickness हुने सम्भावना हुन्छ। यसको स्क्रिनीङ तथा व्यवस्थापन गर्नका लागि स्वास्थ्यकर्मी सक्षम हुन जरुरी छ। यस्ता समस्याहरुको प्राथमिक रुपमा उपचार गर्न, स्क्रिनीङ गर्न तथा आवश्यक जनशक्ति, औषधी तथा उपकरण समेतको प्रबन्ध गरी सो सेवा अझ प्रभावकारी रुपमा सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | ● High Altitude Sickness Screening/Treatment Center (High Altitude Sickness Help Desk) को स्थापना गर्नु,<br>● लेक लाग्ने समस्याको समयमै पहिचान र उपचार गर्नका लागि स्वास्थ्यकर्मी तथा आवश्यक उपकरण तथा औषधीको व्यवस्थापन गर्नु। |
| **अपेक्षित प्रतिफल** | ● उच्च भेगीय रोगको रुग्णता र मानवीय क्षति कम भएको हुनेछ।<br>● स्वास्थ्यकर्मीहरुको High Altitude Sickness सम्बन्धी ज्ञान, सीप, धारणा र क्षमता अभिवृद्धि भएको हुनेछ। |
| **कार्य सञ्चालन प्रकृया** | ● High Altitude Sickness Screening/Treatment Center (High Altitude Sickness Help Desk) सम्बन्धित स्थानीय तहसँग समन्वय गरी Strategic location मा स्थापना गर्ने (जस्तै: मुस्ताङको घासा/मनाङको धारापानी वा अन्य उपयुक्त स्थल),<br>● उक्त केन्द्र सञ्चालनका लागि "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम २ जना हेल्थ असिस्टेन्ट नियुक्त गरी जिम्मेवारी तोक्ने, विगतमा कार्यरत जनशक्तिलाई कार्य सम्पादन मूल्यांकनका आधारमा सेवा नवीकरण गर्न सकिने,<br>● छनौट भएका स्वास्थ्यकर्मीलाई पाचौँ तहका लागि प्रचलित नियमानुसारको तलब भत्ता, चाडवाड खर्च, पोषाक भत्ता भुक्तानी गर्ने,<br>● High Altitude Sickness सम्बन्धी सचेतनाका लागि सूचना सामग्रीको व्यवस्थापन तथा उपचारका लागि आवश्यक औषधी तथा उपकरण खरिद गरी तालिम प्राप्त स्वास्थ्यकर्मीहरु कार्यरत स्वास्थ्य संस्थाहरुमा वितरण गर्ने,<br>● यस कार्यक्रमबाट तालिम नपाएका र नयाँ नियुक्त भई आएका स्वास्थ्यकर्मीहरुलाई High Altitude Sickness सम्बन्धी अभिमुखीकरण/तालिम समेत प्रदान गर्न सकिनेछ। |

## (१८) नर्सिङ कर्मचारीहरुलाई ३ दिने STI/HIV Syndromic case Management तालिम

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.९२ | २२५२२ | **स्याङ्जा – ३००** |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | नेपालमा यौनजन्य संक्रामक रोग र एचआईभी संक्रमणको जोखिम अझै पनि गम्भीर जनस्वास्थ्य चुनौतीको रुपमा रहेको छ । यस्ता संक्रमणहरूको शीघ्र र प्रभावकारी व्यवस्थापनका लागि Syndromic Case Management विधि अपनाउनु आवश्यक छ। स्वास्थ्य सेवामा अग्रपंक्तिमा कार्यरत नर्सिङ कर्मचारीहरूलाई एसटीआईको पहिचान, रोकथाम, उपचार तथा परामर्श दिने र सो सम्बन्धी ज्ञान, सीप, धारणा र क्षमता अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | • STI/HIV का लक्षण र लक्षण समूह (syndrome) को पहिचान तथा गोपनीयता, परामर्श र रोग व्यवस्थापनका संवेदनशील पक्षहरूमा दक्षता अभिवृद्धि गर्नु,<br>• राष्ट्रिय प्रोटोकल अनुसार Syndromic Case Management अपनाउने तरिका सिकाउनु। |
| **अपेक्षित प्रतिफल** | नर्सिङ कर्मचारीहरुको STI/HIV को मुख्य लक्षण समूहहरूको सही पहिचान र व्यवस्थापन गर्न सक्ने सीपको विकास भएको हुनेछ। |
| **कार्य सञ्चालन प्रकृया** | • स्वास्थ्य मन्त्रालय तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी तालिम सामग्री तयार गर्ने,<br>• सहभागीहरुको पहिचान र छनौट गरी STI/HIV Syndromic case Management को ३ दिनको तालिम सञ्चालन गर्ने,<br>• स्वास्थ्य मन्त्रालय वा मातहतको सम्बन्धित निकायसँग समन्वय गरी प्रमाणपत्र वितरण गर्ने व्यवस्था मिलाउने । |

## (२०) जोखिमयुक्त कारखानाका कामदारका लागि व्यवसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी अभिमुखीकरण तथा सरोकारवाला बीच अन्तरक्रिया

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.९५ | २२५२२ | नवलपरासी (ब.सु.पू) – २०० |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | नेपालमा सञ्चालित विभिन्न उद्योग तथा कारखानाहरूमा काम गर्ने कामदारहरू प्रायः जोखिमयुक्त वातावरणमा कार्यरत छन् । यस्ता कार्यस्थलहरूमा उचित सुरक्षा उपायहरूको अभाव, चेतना अभाव, र न्यूनतम प्रशिक्षणको कारण कामदारहरू कार्यस्थलमा हुने दुर्घटना, स्वास्थ्य समस्याहरू र दीर्घकालीन शारीरिक, मानसिक असरको जोखिममा पर्दै आएका छन् । यस अवस्थालाई ध्यानमा राख्दै व्यवसायिक स्वास्थ्य र सुरक्षा एवं नेपाल सरकारले तोकेको व्यवसायजन्य रोग सम्बन्धी अभिमुखीकरण कार्यक्रमको राखिएको हो । |
| उद्देश्य | जोखिमयुक्त उद्योग/कारखानाका कामदारलाई व्यवसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी अभिमुखीकरण गर्नु । |
| अपेक्षित प्रतिफल | • कार्यस्थलमा कामदारहरुले उचित सुरक्षा उपायहरू अपनाएका अभिप्रेरित भएका हुनुका साथै कार्यस्थलमा हुने दुर्घटनामा कमि आएको हुनेछ । |
| कार्य सञ्चालन प्रकृया | • उद्योग वाणिज्य संघ तथा अन्य सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी जिल्लामा अवस्थित उद्योग तथा कलकारखानाहरुको सूची तयार गर्ने तथा उपयुक्त सहभागीहरुको पहिचान गर्ने,<br>• पेशागत स्वास्थ्य, विद्यमान श्रम ऐनमा भएका व्यावसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी प्रावधान, व्यवसायजन्य रोग एवं अन्य सम्बन्धित विषयवस्तु समेटी स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी प्रस्तुतीकरण तयार गर्ने,<br>• व्यवसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी सरोकारवालालाई सहभागी गराई अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,<br>• उद्योग वाणिज्य संघ, जिल्ला प्रशासन कार्यालय, श्रम तथा रोजगार कार्यालय तथा अन्य सरोकारवाला निकायसँगको समन्वयमा व्यवसायिक स्वास्थ्य एवं सुरक्षा सम्बन्धमा उद्योग/कारखानाको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्न सकिनेछ । |

## (२१) स्वास्थ्यकर्मीहरुलाई NTD सम्बन्धी तालिम

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| २.७.२२.९६ | २२५२२ | नवलपरासी (ब.सु.पू) – ३०० |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | उष्णप्रदेशीय र समसितोष्णप्रदेशीय क्षेत्र/देशहरूमा व्याप्त २१ किसिमका रोगहरूको समूह/रोगहरूलाई उपेक्षित उष्णप्रदेशीय रोग (Neglected Tropical Diseases) भन्ने गरिएको छ। नेपालबाट केहि उपेक्षित उष्णप्रदेशीय रोगहरू जनस्वास्थ्य समस्याको रुपबाट निवारण गरिएको छ भने केहि रोगहरू निवारण, केहि रोकथाम तथा नियन्त्रणको रणनीतिमा कार्य भइरहेको छ। नेपालले सन् २०१८ मा ट्रकोमा निवारण गरेको र सो को प्रमाणीकरण विश्व स्वास्थ्य संगठनबाट समेत भईसकेको छ। नेपाल सरकारले कालाजार सन् २०२६ र हात्तीपाइले, कुष्ठरोग र रेबिजलाई सन् २०३० भित्र निवारण गरिसक्ने लक्ष्य लिएको छ। यिनै लक्ष्य प्राप्तिका लागि स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | उपेक्षित उष्णप्रदेशीय रोगका बारेमा स्वास्थ्यकर्मीहरूलाई जानकारी प्रदान गरी रोगको रोकथाम, नियन्त्रण तथा समयमै पहिचान गरी उपचार गर्न सक्षम बनाउनु। |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मीहरू उपेक्षित उष्णप्रदेशीय रोगका बारेमा जानकार भई रोगको रोकथाम, नियन्त्रण तथा समयमै पहिचान गरी उपचार गर्न सक्षम भएका हुनेछन्। |
| कार्यसञ्चालन प्रकृया | ● उपेक्षित उष्णप्रदेशीय रोगहरूका बारेमा तालिम प्रदान गर्नका लागि उपयुक्त सहजकर्ता एवं सहभागीहरुको छनौट गर्ने,<br>● नेपाल सरकारबाट जारी भएको निर्देशिकाका आधारमा तालिम सञ्चालन गर्ने,<br>● उपेक्षित उष्णप्रदेशीय रोगको रोकथामका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने/गराउने। |

## (२२) महामारी एवं विपदको पुर्व तयारी, रोग नियन्त्रण तथा उपचारका लागि औषधी, कीट, तथा अन्य औषधीजन्य सामग्रीको व्यवस्थापन

| कार्यक्रम कोड | खर्च शीर्षक | विनियोजित रकम (रू हजारमा) |
|---|---|---|
| ७.२.११.४ | २७२१३ | कास्की, तनहुँ – ४००, गोरखा, नवलपरासी (ब.सु.पू), पर्वत, बागलुङ, म्याग्दी, लम्जुङ – २००, मनाङ, मुस्ताङ,- १००, स्याङ्जा - ३०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | महामारी/विपद् कुनै पनि समय र स्थानमा हुन सक्ने र ठूलो भौतिक तथा मानवीय क्षति निम्तिन सक्ने भएकोले उक्त जोखिमलाई न्यूनीकरण गर्नका लागि महामारी तथा विपद्को पूर्व तयारी आवश्यक हुन्छ । महामारीको रोकथाम तथा नियन्त्रणको लागि औषधी र औषधीजन्य सामग्रीको व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | महामारी एवं विपद्को अवस्थामा रोग नियन्त्रण र उपचारका लागि औषधी तथा औषधी जन्य सामग्रीको व्यवस्थापन गर्नु । |
| **अपेक्षित प्रतिफल** | महामारी एवं विपद्को अवस्थामा रोग नियन्त्रण र उपचारका लागि औषधी तथा औषधी जन्य सामग्रीको उपलब्धता हुनेछ । |
| **कार्य सञ्चालन प्रकृया** | महामारी/विपद्को पूर्वतयारी र प्रतिकार्यको लागि आवश्यक First Aid Kit, औषधी, रिएजेन्ट, परिक्षण किट तथा अन्य सामाग्रीको सूची तयार गरी जिल्लाको आवश्यकता अनुसार प्रचलित नियमानुसार खरिद गर्ने । |